नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६१४ मिति :- २०७१/१/२३

.

**इजाजत प्राप्त "क" वर्गका बैंकहरु ।**

विषय : **एशियन क्लिरिङ्ग युनियन (ACU) को कारोवारमा Nostro Account को प्रयोग र Vostro Account मा व्याज प्रदान गर्ने सम्वन्धमा।**

महाशय,

एशियन क्लिरिङ्ग युनियन अन्तर्गत हुने व्यापारिक कारोवारलाई थप व्यवस्थित गर्न एवं भुक्तानी तथा हिसाब राफसाफ प्रकृयालाई छिटो छरितो सम्पन्न गराउने प्रयोजनको लागि देहाय बमोजमको व्यवस्था गरिएको हुंदा सोही बमोजिम गर्नु र गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. एशियन क्लिरिङ्ग युनियन अन्तर्गत हुने व्यापारिक कारोवारमा संलग्न हुने वाणिज्य बैंकहरुले अर्को सदस्य देशको वाणिज्य बैंकमा एशियन मौद्रिक ईकाईको रुपमा रहेका मुद्राहरु ACU Dollar (ACUD) र ACU Euro (ACUE) मा Nostro Account खोल्नु पर्नेछ । सदस्य देशहरु बीच हुने व्यापारिक कारोवारको भुक्तानी तथा राफसाफ वाणिज्य बैंक स्तरमा रहेका उक्त खाताहरु मार्फत गर्नुपर्नेछ ।

२. उक्त खातामा फण्डिङ्ग गराउने तथा खाता बन्द गराउँदा मौज्दात रहेका बाँकी रकम फिर्ता लिने प्रयोजनको लागि मात्र यस बैंक मार्फत कारोवार गर्नु पर्नेछ ।

३. अर्को सदस्य देशका वाणिज्य बैंकहरुले नेपालका वाणिज्य बैंकहरुमा खोलेका ACU Dollar (ACUD) र ACU Euro (ACUE) खातामा खाता खोल्ने बैंकसँग भएको सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही आफ्नो स्वविवेकले व्याज प्रदान गर्नु पर्नेछ ।

भवदीय,

(राजेन्द्र पण्डित)
का.मु. कार्यकारी निर्देशक

बोधार्थः

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाडौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।